# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ३, संख्या २, बैषाख २० गते २०७७ साल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको देहाय बमोजिम ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग-१

## स्थानीय सडक तथा संरक्षण ऐन, २०७६

**प्रस्तावना :,**

चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्र भित्र नगरवासीहरुको सुविधा सम्बन्धी हितलाई मध्यनजर गरी स्थानी स्तरका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार वा सुधार गर्न आवश्यक पर्ने जग्गा प्राप्त गर्न र त्यसका लागि मुनासिव माफिकको मुआव्जा वितरण गर्न तथा सडक सम्बन्धी अन्य विकासका कार्य समेत गर्न बाञ्छनीय भएकाले,

नेपालको संविधानको अनुसुची ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को खण्ड (ट) तथा दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सडक निर्माण तथा संरक्षा ऐन, २०७६ बनाई लागु गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ तथा क्षेत्र :** (१) यस ऐनको नाम चामुण्डाविन्द्रासैनी नगरपालिकाको "स्थानीय सडक निर्माण तथा सँरक्षण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन नगरसभावाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिवाट प्रारम्भ हुनेछ ।

(३) यो ऐन चामुण्डा विन्द्रासैनी नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) **"ऐन"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको सडक निर्माण तथा संरक्षण ऐन लाई सम्झनु पर्दछ ।

ख) **"कार्यपालिका"** भन्नाले चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) **"जग्गा प्राप्ति"** भन्नाले नगरपालिकाले सडक निर्माण गर्दा तथा सिमा तोक्दा कुनै निजि वा सार्वजनिक जग्गा प्राप्तिलाई सम्झनु पर्दछ ।

घ) **"नगरपालिका"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्दछ ।

ङ) **"विकास कर"** भन्नाले कुनै पनि माध्यामवाट सडक तथा सडकको कुनै भाग प्रयोग





गरेवापत लिईने करलाई सम्झनु पर्दछ ।

च) **"प्रमुख"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ ।

छ) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

ज) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले चामुण्डा विन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) **"सिमा"** भन्नाले सडकको दायाँ वायाँ क्षेत्रमा आफ्नो अधिकार क्षेत्र भित्र लिएको जग्गाको क्षेत्रफललाई सम्झनु पर्दछ ।

ञ) **"सडक व्यवस्थापक समुह"** भन्नाले सडक मर्मत सम्भार तथा सडक सुरक्षाका लागि नगरपालिकाले सडक क्षेत्रमा काम गर्ने गरी तोकिएको कामदारलाई सम्झनु पर्दछ ।

ट) **"हरियाली सडक"** भन्नाले सडकको दायाँ बायाँ किनारामा बृक्षारोपण गरी निर्माण गरिएको हरियाली वातावरणलाई सम्झनु पर्दछ ।

ठ) **"क्षेतिपुर्ति"** भन्नाले सडक सिमाकोलागि सडकले कुनै जग्गा अधिग्रहण गर्दा जग्गा धनीलाई दिईने आर्थिक क्षेतिपुर्तिलाई सम्झनु पर्दछ ।

ड) **"प्रचलित कानून"** भन्नाले सडक सम्बन्धी संघ तथा प्रदेश कानूनमा गरिएका सबै व्यवस्थाहरुलाई सम्झनु पर्दछ ।

ढ) **"स्थानीय सडक वोर्ड"** भन्नाले नगरपालिकामा सडक सम्बन्धी कार्य गर्नका लागि गठन गरिएको बोर्डलाई सम्झनु पर्दछ ।

### परिच्छेद - २

### स्थानीय सडकको वर्गिकरण, सडक सिमा र जग्गा प्राप्ति सम्बन्धी व्यवस्था

**३. स्थानीय सडकहरुको वर्गिकरण :** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी आफ्नो नगरक्षेत्र भित्रका सडकहरुलाई देहाय बमोजिम वर्गिकरण गर्न सक्नेछ ।

क) स्थानीय सडक

ख) ग्रामिण सडक

ग) कृषि सडक

**४. सडक सिमा निर्धारण :** नगरपालिकाले दफा ३ बमोजिमका सडकहरुको सिमा निर्धारण स्थानीय राजपत्रमा प्रकाशित सुचनामा उल्लेख गरी निर्धारण गरिनेछ ।

**५. सडक सिमाभित्र भवन आदी बनाउन निषेध गर्न सकिने :** (१) दफा ४ बमोजिम सडक सिमा तोकिएकोमा सडक सिमा र सडक सिमा नतोकिएकोमा सडकको किनाराबाट ६ मिटरमा नबढ्ने गरी त्यस्तो सिमा भित्र कुनै पनि किसिमको स्थायी भवन वा अन्य स्ट्रक्चर (बनौट) निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको सिमा क्षेत्र भित्र कसैले कुनै किसिमको स्थायी भवन वा स्ट्रक्चर निर्माण गरेमा नगरपालिकाले यस ऐन बमोजिम तथा प्रचलित संघ तथा प्रदेश कानून बमोजिम भत्काउन सक्नेछ र यसरी त्यस्ता भवन तथा स्ट्रक्चरहरु भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिवाट भराउन सक्नेछ ।

**६. सडक निर्माण तथा सडक सिमाको निमित्त जग्गा प्राप्त गर्न सकिने :** नगरपालिकाले सडक निर्माण तथा सिमा निर्धारण गर्दा कुनै जग्गा प्राप्त गर्नु परेमा प्रचलित संघ तथा प्रदेश कानूनको अधिनमा रही कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद -३
## स्थानीय सडकको संरक्षण तथा संभार सम्बन्धी व्यवस्था

**७. सडक निर्माण, विस्तार तथा सुधार गर्दा जग्गा अधिग्रहण गर्न सकिने :** (१) नगरपालिकाले सडक निर्माण, विस्तार तथा संभार सम्बन्धी कार्य गर्दा निर्माणका लागि आवश्यक सामाग्री तथा उपकरणहरु राख्न, निर्माण कार्यमा काम गर्ने व्यक्तिहरुको लागि बस्ने घर, कटेराहरु निर्माण गर्न, सडकको स्तरोन्नती गर्दा आवागमनलाई नियमित गर्ने उद्धेश्यले बैकल्पिक बाटो निर्माण गर्न जस्ता आदी कार्यका लागि जग्गा आवश्यक परेमा त्यस्तो जग्गा काम सम्पन्न भई सकेपछि सम्बन्धित व्यक्तिलाई फिर्ता गर्ने गरी अस्थायी रुपले अधिग्रहण गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष स्थिति परेकामा बाहेक देहाय बमोजिमका घर जग्गा अधिग्रहण गर्न सकिने छैन,

क) कुनै व्यक्तिले वासस्थानको रुपमा प्रयोग गरिरहेको घर,

ख) धार्मिक स्थल, विद्यालय, अस्पताल वा अनाथालयको रुपमा प्रयोग भईरहेको घर जग्गा।

**८. घर जग्गाको क्षेतिपुर्ति तथा त्यसको निर्धारण :** नगरपालिकाले सडक निर्माण, मर्मत सम्भार तथा विस्तारको लागि कुनै जग्गा प्राप्ति गर्दा त्यस वापत प्रदान गरिने क्षेतिपुर्ति प्रचलित संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ।

**९. वजनको हद निर्धारण गरिने :** नगरपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी नगरक्षेत्र भित्रका विभिन्न सडकहरुले वहन गर्न सक्ने वजनको हद निर्धारण गर्नेछ र त्यसरी तोकिएको हद भन्दा वढि वजनको सवारी साधन सडकहरुमा चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

**१०. सडकको आवागमनमा बाधा पुऱ्याउने माल बस्तु हटाउने अधिकार :** (१) नगरपालिकाले नगरक्षेत्रभित्रका सडकहरुमा कुनै माल सामान वा बस्तुभाउ छोडी, राखी वा फाली सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल बस्तु हटाउन निश्चित समयावधि तोकी सार्वजनिक सूचना मार्फत सरोकारवाला व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको आदेशको अवधिभित्र त्यस्तो माल बस्तु नहटाएमा वा सरोकारवाला व्यक्ति पत्ता नलागेमा नगरपालिकाले आफ्नो कब्जामा लिई व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सडक आवागमनमा बाधा पुऱ्याउने गरी राखिएका मालवस्तुहरु हटाउन तोकिएको समयावधि भित्र हटाउन नसक्ने परिस्थिति श्रृजना हुन गएमा सम्बन्धित सरोकारवाला व्यक्तिले नगरपालिका समक्ष समयावधि थपको लागि एक पटक निवेदन दिई समयावधि थप गर्न सक्नेछ तर त्यस्तो समयावधि एक पटक भन्दा वढि थप गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिम सडक तथा सडक सिमाभित्र सडक आवागमनमा बाधा पुऱ्याउने वस्तुहरु तोकिएको म्यादभित्र सम्बन्धित सरोकारवालाहरुले हटाउनु पर्नेछ यदी त्यस्ता माल बस्तुहरु तोकिएको समायावधि भित्र नहटाई थप म्याद पनि माग्न नआएमा नगरपालिकाले त्यस्तो माल बस्तु हटाउँदा वा पन्छाउदा नगरापालिकाले गरेको खर्च सरोकारवालावाट भराई लिन सक्नेछ। यसरी भराई लिने खर्चको लागि सम्बन्धित सरोकारवालाको नाउँमा पैतिस दिने म्याद जारी गरिनेछ र म्याद भित्र उक्त रकम नबुझाएमा वा म्याद थपका लागि पनि निवेदन लिई नआएमा नगरपालिकाले सरकारी बाँकी सरह असुल उपर को कार्वाही चलाउनु पर्नेछ।

(४) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन बन्नु अगावै सडक आवागमनमा





बाधा पुऱ्याउने मालसामान वा चीज वस्तुहरु वा कुनै संरचनाहरु हटाउँदा सरोकारवालाहरुलाई पुग्न जाने क्षेतिपुर्ति नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ।

**११. स्वीकृति नलिई सडक वा सडक सिमामा कुनै काम गर्न नहुने :** (१) नगरपालिका क्षेत्रभित्रका सडकहरुमा सडक वा सडक सिमासँग जोडिने गरी प्रवेश मार्ग निर्माण गर्ने, खाडल वा कुलो खन्ने, कुनै पनि पाईप लाईन वा विधुतीय तार विछाउने, कुनै पनि घर टहरो निर्माण गर्ने तथा जग्गा आवदी गर्ने जस्ता कार्य गर्न गराउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि सार्वजनिक हितको लागि प्रयोग गरिने पाईप लाईन तथा विधुतीय तार लाईन विछाउने जस्ता कुनै कार्य गर्नु पर्ने भएमा निश्चित अवधि भित्र काम समाप्त हुने विश्वसनीय कारण सहित नगरपालिकाको पूर्व स्वीकृति लिएमा बाधा परेको मानिने छैन।

(३) उपदफा (२) बमोजिम नगरपालिकाको स्वीकृति लिई कुनै कार्य गर्दा सडकको विग्रिएको भाग मर्मत सम्भार गरी पूर्ववत अवस्थामा ल्याउने जिम्मेवारी सम्बन्धित निकाय वा सरोकारवाला व्यक्तिको हुनेछ र त्यस्तो कार्य गर्दा नगरपालिकाले सम्बन्धित निकाय वा सरोकारवाला वाट स्वीकृति पुर्व धरौटी दाखिला गराउने आदेश जारी गर्न सक्नेछ।

## परिच्छेद - ४
## आयमुलक, जैविकमैत्री तथा हरियाली सडक निर्माण सम्बन्धी व्यवस्था

**१२.आयमुलक सडक रुपमा विकास गर्नु पर्ने :** नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रका सबै सडकहरुवाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नगरवासी तथा नगरपालिकाको आन्तरिक आम्दानीमा बृद्धि हुने गरी आयमुलक सडकको रुपमा सडकहरुको विकास गर्नु पर्नेछ।

**१३. जैविकमैत्री तथा हरियाली सडक निर्माण गर्नु पर्ने :** (१) नगरपालिका क्षेत्र भित्र प्राकृतिक रुपमा सृर्जित चराचुरुङ्गी, जँगली जनावर तथा अन्य सजिव प्राणीहरुले उनीहरुको बाँच्न पाउने, खानपाउने अधिकारहरुलाई सुनिश्चित गर्न तथा प्राकृतिक वातावरण स्वच्छ, सफा र सुन्दर राख्न हरियाली नगर निर्माण गर्ने उद्धेश्यले सबै सडक सीमाहरुको दायाँ बायाँ विभिन्न खाले फलफुलहरु तथा बोटविरुवाहरु बैज्ञानीक अध्यायनको आधारमा बृक्षारोपण गरी जैविकमैत्री तथा हरियाली सडकहरु निर्माण गर्नु पर्नेछ।

(२) दफा १२ र १३ बमोजिमका कार्यहरुको रेखदेख वा संरक्षण तथा अन्य जिम्मेवारी प्रचलित संघ तथा प्रदेश कानून बमोजिम नगरपालिकाको हुनेछ।

## परिच्छेद - ५
## स्थानीय सडक वोर्ड, विकास कर तथा मापदण्ड सम्बन्धी व्यवस्था

**१४. स्थानीय सडक वोर्ड स्थापना गरिने :** नगरपालिका क्षेत्र भित्रका सडकहरुको संरक्षण, विकास, मर्मत सम्भार तथा नियमित रुपमा सडकहरु सञ्लानमा रही राख्ने व्यवस्था गर्न तथा सडकहरुको स्तरोन्नती सम्बन्धी कार्ययोजना बनाउन लगायत का अन्य तोकिएका कार्य गर्न देहाय बमोजिम एक स्थानीय सडक वोर्डको स्थापना गरिनेछ।

क) नगर प्रमुख -अध्यक्ष

ख) नगर उपप्रमुख -सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ)नगर प्रमुखले मनोनित गरेको कार्यपालिकाको एक जना महिला सदस्य सहित तीन जना -सदस्य

ङ) योजना शाखा प्रमुख -सदस्य

च) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

छ ) पुर्वाधार विकास शाखा प्रमुख -सदस्य सचिव

**१५. स्थानीय सडक बोर्डका काम, कर्तव्य र अधिकार** : स्थानीय सडक बोर्डका काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् ,

क) सडक निर्माण, स्तरोन्नती, मर्मत सम्भार तथा सँरक्षण सम्बन्धी योजना बनाउने ,

ख) सडक उपभोग गरे वापत लाग्ने दस्तुर वा अन्य थप दस्तुर र अन्य जरिवाना प्रचलित कानून बमोजिम असुउपर गर्न लगाउने,

ग) सडक निर्माण तथा विकास सम्बन्धी योजना निर्माण गरी नगरसभावाट बजेट पारित गराउने तथा माथिल्लो निकायमा बजेट माग गरी व्यवस्थापन गर्ने,

घ) स्थानीय सडक बोर्डको वार्षिक बजेट तथा योजना सम्बन्धी अन्य कार्य गर्ने ।

**१६. स्थानीय सडक बोर्ड स्वशाशित सँस्था हुने** : (१) स्थानीय सडक बोर्ड एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) स्थानीय सडक बोर्डले उपदफा (१) स्वशासित संस्थाको रुपमा प्रचलित संघ तथा प्रदेश कानून बमोजिम प्राप्त अधिकारहरु प्रयोग गर्न सक्नेछ ।

**१७. विकास करको निर्धारण, कर असुली तथा विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन गर्न सक्ने** : नगरपालिकाले विकास करको निर्धारण, कर असुली तथा विकास कर लाग्ने जग्गा र त्यसको खण्ड विभाजन, विकास कर बुझाउने अवधि तथा कर नबुझाएमा मालपोत बाँकी सरह असुल गर्ने प्रकृया संघिय ऐन तथा प्रदेश कानूनमा भएको व्यवस्थाको अधिनमा गरिनेछ ।

**१८. सडक मापदण्ड बमोजिम हुने** : नगरपालिका क्षेत्र भित्रका सडकहरुको लगत कट्टा तथा अन्य सडक तथा भवन सम्बन्धी मापदण्ड नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशित सुचना तथा नगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्डमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६
## कोष तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था

**१९. कोष स्थापना** : (१) नगरपालिकामा सडक विकास सम्बन्धी कार्यलाई मुख्य प्राथमिकिकरण गरी नगरवासीहरुलाई यातायात सम्बन्धी सहज, सुरक्षित तथा निरन्तर सेवा प्रदान गर्न सडक विकास सम्बन्धी सम्पूर्ण कार्य तिव्रगतिमा अघि बढाउने उद्धेश्यले स्थानीय सडक बोर्ड अन्तर्गत सडक सम्बन्धी सबै कार्य गर्न सहजताको लागि देहाय बमोजिम रकमहरु रहने गरी एक कोषको स्थापना गरिनेछ ।

क) नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम,

ख) दफा १७ बमोजिम प्राप्त रकम,

ग) गैर सरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सँस्थावाट प्राप्त रकम,

घ) अन्य स्रोतवाट प्राप्त रकम ।

(२) स्थानीय सडक वोर्डको तर्फवाट गरिने सम्पूर्ण खर्च कोषमा भएको रकमवाट व्यहोरिनेछ ।

(३) कोषमा जम्मा भएको रकम समितिले नजिकको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको सञ्चालन स्थानीय सडक वोर्डका देहाय बमोजिम पदाधिकारीको नामवाट हुनेछ ।





क) स्थानीय सडक बोर्डका अध्यक्ष

ख) प्रमुख प्रशासकिय अधिकृत

ग) आर्थिक प्रशासन शाखा प्रमुख

घ) पुर्वाधार शाखा प्रमुख ।

(५) कोषमा जम्मा भएको रकम सडक विकासका कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

**२०. लेखा परिक्षण** : दफा १९ बमोजिम स्थापना गरिएको कोषको प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र लेखा परिक्षण गराउनु पर्नेछ ।

## परिच्छेद - ७
## दण्ड सजाय सम्बन्धी व्यवस्था

**२१. दण्ड सजाय** : नगरपालिका क्षेत्र भित्रका सडकहरु वा सडक सिमाहरुमा कोही कसैले नगर्नु नगराउनु भनेका काम गरे गराएमा वा गर्नु गराउनु भनेका काम नगरे वा नगराएमा, सडकका लागि जग्गा अधिग्रहण गर्दा कसैल बाधा पुऱ्याएमा, वा सडक मापदण्ड विपरित कार्य गराएमा, वा यस ऐनमा उल्लेखित सडक विकासका कार्यमा कुनै पनि किसिमको बाधा खडा गरेमा संघिय ऐन तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम नगरपालिकाले कसुर गर्ने व्यक्तिलाई दण्ड तथा सजाय गर्न सक्नेछ ।

## परिच्छेद - ५
## सडक व्यवस्थापक समुह सम्बन्धी व्यवस्था

**२२. सडक व्यवस्थापक समुह** : (१) नगरपालिका क्षेत्र भित्रका सडकहरुलाई निरन्तर सुचारु राख्न तथा सडकहरुमा बेला बेलामा आउने बाधा अवरोधहरु लाई यथासिघ्र हटाई पूर्ववत अवस्थामा फर्काउन प्रत्येक वडामा कम्तिमा दुई जना सडक कामदार रहने गरी सडक व्यवस्थापक समुह (चन) को स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सडक व्यवस्थापक समुहमा नियुक्ति हुने कामदारहरुको ज्याला, कार्यदिन, नियुक्ति प्रकृया, तथा कामदारहरुको उमेर र योग्यता स्थानीय सडक बोर्ड ले गरेको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद - ९
## विविध

**२३.अधिकार प्रत्यायोजन गर्न सकिने** : स्थानीय सडक बोर्डले सडक विकास सम्बन्धी विकासका कार्यहरु गर्न आफ्नो मातहतमा रहने गरी प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा सडक विकास समिति गठन गरी केही अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ ।

**२४. संशोधन गर्न सकिने** : यस ऐनमा आवश्यक संशोधन गर्नु परेमा चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभाबाट गर्न सकिनेछ ।

**२४. नियम बनाउने अधिकार** : यस ऐनको उद्धेश्य पुरा गर्न नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

**२५. स्वत वदर हुने** : यो ऐन वा यस ऐनमा उल्लेख गरिएका कुनै दफा उपदफाहरु संघ तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म स्वत बदर भएको मानिनेछ ।



आज्ञाले

तिलक वि.क.

नि.प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणिकरण मिति :** २०७७/१/२०